# नेपाल राष्ट्रिय व्यवसायी महासंघको बिधान

**प्रस्तावनाः**

व्यापारी, उद्योगी तथा व्यवसायीले देशको आर्थिक विकाशमा अहम भुमिका निर्वाह गर्दै आएको तथ्य सर्वविदितै छ । द्रुततर औद्योगिक युगको शुरुवातको लागि व्यापार, व्यवसाय, उद्योग र उत्पादनमुलक क्षेत्रमा भुमिका अत्यावश्यक छ । समग्र व्यापारीक क्षेत्रको विस्तार हुँदै गईरहेको सन्दर्भमा देशभर विभिन्न पेशा, व्यवसाय र उद्योग सञ्चालक भई सो मार्फत विभिन्न संघ, संस्था सञ्चालन गर्दै काठमाडौं उपत्यका लगायत देशभर रहेका व्यापारी व्यवसायीहरुको विविध समस्याहरुको निराकरण गर्ने तथा व्यापार व्यवसायलाई व्यवस्थित र मर्यादित बनाउँदै उद्योगी व्यवसायीहरुबीच देखा पर्ने समस्याहरुको व्यवसायीक ढङ्गले क्रियाशिल भएता पनि राज्य, सरकारसँग ठोस र प्रभाबकारी समन्वय नभएको महसुस गर्दै व्यवसायीहरुका व्यवसायमा आईरहेको समस्यामा ती संघहरुलाई आ-आफ्ना स्थानमा अझै क्रियाशिल गराई यसमा आई पर्ने अवसर र चुनौती एवं समस्याको उजागर र निराकरण गर्दै स्वच्छ व्यवसायीक वातावरण तयार पारी समग्र व्यवसायीहरुलाई एकिकृत र समन्वयात्मक ढंगले संचालन गरी व्यवसायीहरुको हक हित र व्यवसायीक उदेश्य परिपुर्ति गर्न एउटा छाता संगठनको आवश्यकता महसुस गर्दै साझा लक्ष्यका साथ संगठित हुन वाञ्छनीय भएकोले संस्था दर्ता ऐन २०३४ वमोजिम **"नेपाल राष्ट्रिय व्यवसायी महासंघ"** नामक व्यवसायीक एवं सामाजिक संस्थाको विधान २०७४ तर्जुमा गरेका छौं ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) संस्थाको नाम : यस महासंघको नाम **नेपाल राष्ट्रिय व्यवसायी महासंघ** रहनेछ । अंग्रेजीमा The National Federation of Nepal रहनेछ । छोटकरीमा नेपालीमा "एनएफएन" र अङ्ग्रेजीमा "NFN" रहनेछ ।

ख) संस्थाको कार्यालय रहने स्थानः- यस संस्थाको केन्द्रिय कार्यालय काठमाण्डौ जिल्लामा रहनेछ । सम्बन्धित जिल्लाको स्थानीय अधिकारीको स्वीकृति लिई नेपाल राज्यका प्रदेश, जिल्ला महानगर र उप- महानगर नगरपालिका र गाऊँपालिकामा आवश्यकताअनुसार शाखा कार्यालयहरु खोल्न सकिनेछ ।

ग) यस संस्थाको कार्यक्षेत्र : यस महासंघको कार्यक्षेत्र नेपालभर रहनेछ ।

घ) प्रारम्भ : यो विधान दर्ता भएको मितिदेखि प्रारम्भ हुनेछ ।

ङ) संस्थाको अस्तित्व : यो महासंघ एक अविछिन्न उत्तराधिकारवाला संगठित स्वशासित गैर नाफामुलक गैर राजनैतिक गैर सरकारी संस्था हुनेछ । महासंघबाट आफ्नो उदेश्य बाहेक आय आर्जन गर्ने तथा कुनै पनि प्रकारको शुल्क लिई अथवा नलिई परामर्श प्रदान गर्ने कार्य गरीने छैन ।

२ . **परिभाषा**

क) **"विधान"** भन्नाले यस नेपाल राष्ट्रिय व्यवसायी महासंघ को विधान २०७४ लाई बुझाउछ ।

ख) **"महासंघ"** यस नेपाल राष्ट्रिय व्यवसायी महासंघको केन्द्र देखि गाउपालिका सम्मका समितिहरुलाई जनाउछ ।

ग) **"नियम विनिमय"** भन्नाले यस महासंघको बिधान अर्न्तगत बन्ने नियम विनिमय लाई जनाउदछ ।

घ) **"पदाधिकारी"** भन्नाले यस विधान बमोजिम गठित केन्द्रीय प्रदेश जिल्ला नगर गाउँ तहका कार्य समितिका अध्यक्ष बरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष र सह कोषाध्यक्षलाई जनाउदछ ।

ङ) **"स्थानीय अधिकारी"** भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउनेछ ।

च) **"तोकीएको वा तोकीय बमोजिम"** भन्नाले यो बिधान र यस बिधान अर्न्तगत बनेको नियम विनीमयमा तोकीएको वा तोकीए बमोजिम सम्झनुपर्दछ ।

छ) **"सभा"** भन्नाले संस्थाको केन्द्रीय प्रदेश, जिल्ला नगर र अन्य शाखाको साधारण सभा वा बिशेष साधारण सभा सम्झनुपर्दछ ।

ज) **"स्थानीय तह"** भन्नाले जिल्ला प्रशाशन कार्यालय, जिल्ला समन्वय समिति, म.न.पा., उ.म.न.पा., न.पा., गाउँपालिकालाई जनाउनेछ ।

झ) **"सदस्य"** भन्नाले यस महासंघको साधारण आजीवन मानार्थ कार्यकारीणी सदस्यलाई बुझाउछ ।

ञ) **"संस्थापक सदस्य"** भन्नाले यस महासंघको परिकल्पना गरी कानुन बमोजिम महासंघको स्थापना गर्ने ब्यक्तीहरुलाई सम्झनु पर्दछ ।

ट) **"सल्लाहकार"** भन्नाले महासंघलाई आवश्यक सल्लाह दिनका लागि राखिएका व्यक्ती वा सल्लाहकार समितिमा रहेका व्यक्तीहरु समेतलाई जनाउनेछ ।

ठ) **"शाखा"** भन्नाले यस महासंघको केन्दीय कार्यालयले स्वीकृती दिई खोलीने प्रदेश, जिल्ला नगर र गाउँस्तरीय निकायलाई जनाउदछ ।

ड) **"राष्ट्रिय सम्मेलन वा अधिवेशन"** भन्नाले गाउँपालिका देखि केन्द्रसम्मको र महासँघ दर्ता हुँदा तदर्थ समितिमा रही कार्य गरेका कार्यसमितिका पदाधिकारी एवं सदस्यसमेतका प्रतिनिधिहरूको राष्ट्रिय स्तरको साधारण वा विशेष भेलालाई सम्झनु पर्छ ।

ढ) **"कार्यसमिति"** भन्नाले यस विधानको दफा १३ बमोजिम गठन हुने कार्यसमितिलाई जनाउँदछ । सो शब्दले यस विधान अनुसार गठित प्रदेश, जिल्ला, नगर र गाँउ समिति समेतलाई जनाउछ ।

ण) **"कार्यालय"** भन्नाले नेपाल राष्ट्रिय व्यवसायी महासंघको कार्यालयलाई बुझाउछ ।

त) **"अध्यक्ष"** भन्नाले कार्य समितिको अध्यक्षलाई बुझाउदछ ।

थ) **"दफा"** भन्नाले यो बिधानको दफालाई जनाउदछ ।

३ **महासंघको छाप र प्रतिक चिन्ह** :प्रचलित व्यवस्थाको प्रतिकुल नहुने गरी महासंघको महासंघको एउटा छुट्टै छाप र चिन्ह हुनेछ । छाप र चिन्ह अनुसुचि १ बमोजिमको ढाचामा हुनेछ । तर महासंघको नाम छाप र चिन्ह पुर्व दर्ता भएको कुनै संस्थासँग मेल खान गएमा संसोधनको प्रक्रियाद्धारा तुरुन्त संशोधन गरिनेछ ।

क) यस महासंघको छापमा गोलाकारभित्र महहिला र पुरुषद्धारा समातिएको नेपालको राष्ट्रिय झण्डा र त्यसको मुनि २०७४ रहनेछ ।

ख) छापको वरीपरि महासंघको नाम र विचमा दुईवटा लालिगुराँस र फुलको चिन्ह रहनेछ । यस महासंघले माथि उपदफा क र ख मा लेखिएको चिन्हलाई छापको रुपमा समेत प्रयोग गर्नेछ ।

## परिच्छेद २
## उदेश्य

४. संस्थाको उद्देश्यः प्रचलित ऐन नियम तथा नेपाल सरकारको नीति निर्देशन भित्र रही सम्वन्धीत सरकारी निकायसँग समन्वयन राखि कार्य **गर्ने गराउने** महासंघको उद्देश्य देहाय बमोजिम हुनेछ ।

क) नेपालभरका स्वदेशी उद्योगी र व्यवसायीहरुको पेशागत हकहितको संरक्षणको लागी व्यवसायीक तथा सेवामुलक तवरबाट महासंघको रुपमा काम गर्ने ।

ख) स्वदेशी व्यापारी व्यवसायी एवं उद्योगीहरुको साझा समस्याहरुको पहिचान गरी पेशा र व्यवसायीक रुपमा आईपर्ने समस्या समाधानका लागि अल्पकालीन तथा दिर्घकालीन योजना बनाई कार्य सम्पादन गर्ने

ग) स्वदेशी उद्योग र कलकारखाना स्थापना गर्न प्रोत्साहन दिई नागरीकहरुलाई स्वरोजगार एवं आत्मनिर्भर बनाउन र व्यवसायी तथा उद्यमीहरुको चौतर्फी विकाशमा योगदान पुर्‍याउने ।

घ) विभिन्न कारणले असफल भएका वा रुग्ण रहेका वा बन्द भएका उद्योगहरुलाई पुनः सञ्चालन गराउन उद्योगी व्यवसायीहरुलाई आवश्यक प्रोत्साहन गर्ने ।

ङ)	उद्योगहरुको उत्पादकत्व वृद्धि गर्दै स्तरोन्नती गर्न नविनमत प्रविधिको खोजि नविनतम प्रविधिको प्रयोग जस्ता विषयमा अध्ययन गरी व्यवसायीलाई सुचना उपलब्ध गराउने ।

च)	विदेशबाट आयात गरीएका व्यापारीक तयारी माल बस्तुहरुलाई व्यवस्थित र एकरुपता दिन पहल गर्ने साथै नेपालमा उपलब्ध कच्चापदार्थमा आधारीत सम्भाव्य उद्योग क्षेत्रको पहिचान गरी जानकारी सार्वजनिक गर्ने ।

छ)	स्वस्थ औद्योगीक सम्बन्ध बिकाशका लागी राज्य सरकार, रोजगारदाता, र श्रमिकहरु बिच सुमधुर सम्बन्ध कायम गराउन आबश्यक पहल गर्ने ।

ज)	नेपाली बस्तु उत्पादन र प्रयोग गर्न र प्रोत्साहन गर्ने उदेश्यले बजार प्रबद्धनका लागि प्रदशनी एवं विक्री कक्षको व्यावस्था गर्ने गराउने ।

झ)	स्वदेशी विदेशी व्यवसायीक संघ संस्थासँग समन्वय र सहकार्य गर्दै महासंघमा आबद्ध उद्योगी व्यवसायीहरुको हितका लागि सेमिनार गोष्ठी अर्न्तक्रीया र तालिमहरुको आयोजना गर्ने ।

ञ)	महासंघ अर्न्तगत आबश्यक संयन्त्र बनाई राष्ट्रिय तथा अन्तराष्ट्रिय बजार बिस्तार तथा व्यापार प्रवद्धनका लागि **आवश्यक पहल गर्ने ।**

ट)	उद्योगी व्यवसायीहरुका समस्याहरुको पहिचान गरी साझा समस्या समाधानका लागि आवश्यक पहल गर्ने ।

ठ)	नेपालमा स्थापित र क्रियाशिल उद्योग व्यापार व्यावसायसँग सम्बन्धित स्रंघ, महासंघ तथा समान उदेश्य रहेका संघ संस्थाहरुसँग कार्यगत एकता गरी सहकार्य गर्ने ।

ड)	व्यापारीक र उद्योगी बिच भाईचारा एकता र सहकार्य गर्दै राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा सभा गोष्ठी तथा प्रदशनी गर्ने त्यस्ता कार्यक्रममा सहभागीता गर्ने गराउने ।

ढ)	समग्र व्यापारीहरुको समस्यालाई समाधानका साथै देशको व्यापार र अर्थनीतीमा नेपाल सरकारलाई सल्लाह सुझाब र परामर्श दिने ।

ण)	विविध क्षेत्रमा स्थापीत र क्रियाशिल व्यापारीक र व्यवसायीक र औद्योगीक संघ र संस्थाहरु सँग सहकार्य गरी यस षेत्रमा रहेका विसंगति र विकृति हरुलाई हटाउदै समग्र व्यापारीक वर्गको हक र हितको लागी आईपर्ने कार्यहरु गर्ने ।

त)	स्वदेशी उद्योग व्यापारलाई प्रोत्साहन गर्न राज्यका तर्फबाट हुने कार्यमा सहयोगीको भुमिका खेल्ने उद्योगी र व्यापारीहरुलाई महासंघ मार्फत नीती निर्माणको क्रममा सहभागीता जनाउन पहल गर्ने ।

थ)	असमान र मनोमानितपुर्वक व्यवसायीहरुलाई घर, कवल, पसल र मलको भाडा वृद्धि गर्ने एकतर्फि कार्यलाई एकरुपता र पारदर्शी गराउन पहल गर्ने ।

द)	विभिन्न सरकारी तथा गैह्रसरकारी निकायमा हुने काम कारबाहीमा सहजीकरण गर्ने सहयोग गर्ने र परि आएका अन्य कार्य गराउने ।

ध)	उद्योगी व्यापारी एवं सो सँग सम्बन्धित भई गरीएका संघ संस्था प्रतिष्ठानहरुको हक र हितको संरक्षण र संबद्धन गर्ने र व्यवसायीक विषयमा आईपर्ने सम्पुर्ण कार्य गर्ने गराउने ।

न)	स्वदेशी उत्पादनलाई बढि भन्दा बढि निर्यात गरी देशको व्यापार घाटा न्यूनिकरण गर्न पहल गर्ने ।

**५	महासंघको उदेश्य प्राप्त गर्न गरीने कामहरुः**

यस महासंघले उपरोक्त उदेश्यहरु प्राप्त गर्न देहाय बमोजिमका कार्यहरु गर्नेछ ।

क)	संस्थाले प्रचलित नेपाल कानुन बमोजिम सम्बन्धित निकायबाट अनुमति वा ईजाजत प्राप्त गरी मात्र आफ्ना उदेश्यहरु कार्यान्वयन गर्नेछ ।

ख)	संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिनेछ र कम्प्युटर टेलिफोन टाईपराईटर फ्याक्स जस्ता सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

ग)	तालीम सेमिनार गोष्ठी छलफल अन्तरक्रिया संचालन गर्ने ।

घ)	उद्देश्यसँग सम्वन्धित पेपर र इलोक्ट्रोनिक्स मिडिया मार्फत प्रकाशन,प्रचार र प्रशारण गर्ने ।

ङ)	अन्य विविध रचनात्मक कार्य गर्ने

च)  संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्ति गर्ने तथा तीनको सेवा र शर्तहरु निर्धारण गर्ने ।

## परिच्छेद ३

## सदस्यता

६. **सदस्यको वर्गिकरण** : यस संस्थाका देहाय बमोजिम ७ प्रकारका सदस्यहरुको वर्गिकरण गरिएको छ ।

क) संस्थापक सदस्य : यो संस्था दर्ता हूदा बखतका संघहरु संस्थापक दस्य हुनेछन् ।

ख) साधारण सदस्य : यो विधान बमोजिम सम्वन्धित निकायमा दर्ता भई नविकरण भएका उद्योग वा व्यवसायसँग सम्वन्धित संघ संस्थाहरु महासंघको साधारण सदस्यता प्राप्त गर्न सक्नेछन ।

ग) मानार्थ सदस्यः महासंघको केन्द्रिय समितिले उपयुक्त ठहर गरेको व्यापार व्यवसायमा क्रियाशिल स्वदेशी तथा विदेशी प्रतिष्ठित व्यक्ति एवं व्यवसायीक सस्थाहरुलाई महासंघको मानार्थ सदस्यता दिन सकिनेछ । जसको मताधिकार रहने छैन ।

घ) संस्थागत सदस्य : यस विधान बमोजिम योग्यता पुगेको कुनै पनि उद्योग व्यवसायी संघले तोकीएको प्रकृया अर्न्तगत रही आवेदन गरेमा महासंघको संस्थागत सदस्यता प्राप्त गर्ने संघहरु महासंघको संस्थागत सदस्य हुनेछन् ।

घ.१. प्रदेश संघ : यस विधान अनुसार गठन हुने प्रदेश शाखा प्रदेश संघको मातहत रहनेछन् ।

घ.२ जिल्ला, संघ, यस विधान अनुसार गठन हुने जिल्ला शाखा जिल्ला संघको रुपमा सदस्य हुनेछ । प्रदेश संघ प्रदेश संघको मातहतमा रहनेछन् ।

घ.३ नगर संघ : जिल्ला सदरमुकाममा रहेका नगरपालिका बाहेक कुनै नगरपालिका जिल्ला भित्र रहेका भए नगर संघको रुपमा सदस्य हुनेछ । नगर संघ जिल्ला संघको मातहतमा रहनेछ ।

ङ आजीवन सदस्य : तोकीएको प्रक्रिया र शुल्क तिरी आजीवन सदस्य बन्न सकिनेछ ।

च संरक्षक सदस्य : महासंघको संस्थापक अध्यक्ष प्रमुख संरक्षक र अध्यक्ष भईसकेको ब्यक्ती स्वत महासंघको संरक्षक सदस्य हुनेछ ।

७ **सदस्यता प्राप्तीको लागी आवश्यक योग्यता** : यस महासंघको सदस्यता प्राप्त गर्न देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्दछ ।

क) नैतिक पतनदेखी फौजदारी र भष्ट्राचारको अभियोगमा सजाय नपाएको ।

ख) नविकरण भएको नेपाली उद्योग वा व्यवसायी हुनु पर्ने ।

ग) कुनै बैंक तथा बित्तिय संस्थाको काले सुचिमा नपरेको ।

घ) सरकारी पेश्की वा बेरुजू फछ्यौट गर्न बाकी नभएको ।

ङ) प्रचलित नेपाल कानुन बमोजिम स्थापित व्यापारीक वा व्यवसायीक संघ वा संस्थाको रुपमा सम्बन्धित निकायमा दर्ता भई प्रमाण पत्र प्रापत गरेको ।

८ **महासंघको सदस्यता प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्थाः**

देहायको अवस्थामा कुनै सस्थाले महासंघको सदस्यता प्राप्त गर्न वा बहाल रहन सक्ने छैन ।

क) प्रचलित नेपाल कानुन बमोजिम कुनै सरकारी कार्यालयमा दर्ता नगरी व्यवसाय शुरु गरेको ।

ख) नविकरणको म्याद समाप्त भएको ।

ग) कुनै बैङ्क तथा वित्तिय संस्थाको कालो सुचिमा परेको ।

घ) कुनै प्रकारको चोरी,ठगी किर्ते वा जालसाझि गरेको वा कर छली गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजायँ पाई सजायँ पाएको ५ वर्ष ननाघेको ।

ङ) नेपाली नागरीक नभएमा ।

९ **सदस्यताको समाप्ती**

**९(१) देहायको अवस्थामा कुनै सस्था महासंघको सदस्यमा बहाल रहने छैन ।**

क) यस विधानको दफा ८ बमोजिम सदस्य पद प्राप्त गर्न नसक्ने भएमा ।

ख) सदस्यले आफ्नो सदस्यता खारेज गर्न दिएको निवेदन स्वीकृत भएमा ।

ग) साधारण सभाको ७५ प्रतिशत सदस्यहरुको बहुमतले महासंघको सदस्य पदबाट हटाउने प्रस्ताव पारीत गरेमा ।

घ) महासंघको काम कारवाहीमा वैईमानी वा बदनीयत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।

ङ) यस विधान बमोजिम महासंघले गर्न नहुने भनि तोकीएको कुनै कार्य गरेमा ।

च) समयमा नै सदस्यता नविकरण नगराएमा ।

छ) महासंघको बाकी बक्यौता नतिरेमा ।

ज) सदस्य उद्योग फर्म कम्पनी संघ लिक्विडेसनमा गएमा वा खारेज भएमा ।

झ) महासंघ विघटन भई खारेज भएमा ।

९(२) कुनै संस्था महासंघको सदस्यता प्राप्त गर्न वा बहाल रहन अयोग्य ठहराउनु भन्दा अघि महासंघले निजलाई सो कुराको सुचना दिई सफाईको सवुद पेश गर्ने मौका दिइनेछ ।

**१० सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधिः** यस विधानको दफा ६ बमोजिमको सदस्यहरूले देहाय बमोजिमको उपदफामा तोकिएको शुल्क तिरी सदस्यता प्राप्त गर्न सक्नेछ ।

**१) संस्थापक सदस्य :**

क) यो महासंघ दर्ता हुदाका बखत बिधानमा उल्लेखित संघहरु संस्थापक सदस्य हुनेछन् ।

ख) यो महासंघ दर्ता हुँदाका वखत संस्थागत प्रतिनिधित्व गरी तर्दथ समितिको रुपमा कार्य गरेका पदाधिकारी एवं सदस्य महासंग वहाल रहदा सम्म चुन्ने र चुनिने अधिकार सहित सस्थापक सदस्यको रुपमा रहने छन् ।

**२) साधारण सदस्य**

क) यो विधान बमोजिम साधारण सदस्यता प्राप्त गर्न चाहने उद्योग फर्म प्रा.लि ले दर्ता दफा ६ (घ) १ वा (घ) २ वा (घ) ३ को कार्यालयमा आवेदन पेश गर्नेलाई सम्बन्धीत कार्य समितिको निर्णयले साधारण सदस्यता प्राप्त गर्ने ।

ख) साधारण सदस्यको हकमा प्रोपराईटर सिप भए प्रोपराईटर साझेदार भए र साझेदार मध्ये एक जना र प्रा.लि. भए एक जनाले प्रतिनिधिले निर्णय सहित प्रतिनिधित्व गर्न पाउने छ ।

ग) संस्थापक सदस्यहरु भित्रको पदाधिघकारीहरु महासंघमा साधारण सदस्य बन्न चाहेमा सम्बन्धित संघको सिफारीस अनिवार्य रहनु पर्दछ । त्यस्ता सदस्यहरुको सदस्यता शुल्क तोकीए बमोजिम हुने गर्दछ ।

**३) मानार्थ सदस्य**

महाधिवेशनको निर्णयले उपयुक्त ठानेको समाजसेवी विशिष्ठ व्यक्ती तथा प्रतिष्ठीत नेपाली नागरीक तथा विदेशी महानुभावबहरुलाई मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ तर मानार्थ सदस्यको मताधिकार भने रहने छैन ।

**४. संस्थागत सदस्य**

क) यो विधान बमोजिम संस्थागत सदस्यता प्रप्त गर्न चाहाने कानुन बमोजिम दर्ता भएका उद्योगी व्यवसायी संघले दर्ता भएका उद्योगी व्यवसायी संघले दर्ता प्रमाण पत्रको नविकरण भएको प्रमाण पत्रको प्रतिलिपी सहित महासंघको केन्द्रिय कार्यालयमा आवेदन पेश गरी केन्द्रिय कार्य समितिको निर्णयले संस्थागत सदस्यता प्रदान गर्न सकिनेछ ।

ख) आजीवन सदस्यः तोकिएको प्रक्रिया र शुल्क तिरी आजीवन सदस्य वन्न सकिनेछ तर सस्था स्थापना गर्दाका संघ स्वतः आजिवन सदस्य रहनेछन् ।

ग) संरक्षक सदस्यः महासंघको तदर्थ कार्य समितिको संस्थापक अध्यक्ष प्रमुख संरक्षक र अध्यक्ष भैसकेको व्यक्तिलाई कार्य समितिले निर्णय गरी संरक्षक सदस्यहरुको संरक्षक मण्डल गठन गर्न सक्नेछ ।

घ) सल्लाहकार सदस्यः-महासंघलाई आवश्यक सरसल्लाह सुझाब दिनका निम्ती महासंघको कार्यसमितिको निर्णयले सल्लहाकार सदस्य मनोनयन गर्न सक्ने छ । सल्लहाकार समितिको सम्योजक महाधिवेशनवाट तोकिने छ ।

**५ सदस्यता शुल्क र नविकरण**

क) प्रत्येक साधारण सदस्यले फर्म,उद्योग,कम्पनी नविकरण गरेको प्रमाण पत्रको प्रतिलिपि सहित आर्थिक वर्षको **असार** मसान्त सम्ममा नविकरण गराउनु पर्नेछ ।

ख) उपदफा क को समय भित्र नविकरण नगराउने सदस्यले म्याद सकिएको १ महिना भित्र विलम्व शुल्क रु ५०० बुझाई नविकरण गर्न पाउने छ । नविकरण नगराउने सदस्यले कुनै पनि सभामा भाग लिन र मतदान गर्न पाउने छैन ।

ग) उपदफा क र ख बमोजिम नविकरण नगराउने सदस्यको सो म्याद पछि स्वत्त सदस्यता खारेज हुनेछ । स्वत सदस्यता खारेज भएकाले बाकी बक्यौता तिरी पुनः सदस्यता शुल्क बुझाएमा नयाँ सदस्याता प्रदान गर्न सकिनेछ ।

घ) यो विधान बमोजिम सदस्यता प्राप्त गर्न चाहनेले महासंघको कार्य समितिले तोके वमोजिमको सदस्यता शुल्क र नविकरण शुल्क बुझाउनु पर्नेछ ।

ङ) प्रदेश संघ, जिल्ला संघ,नगर संघ र गाउपालिका संघले हरेक आर्थिक वर्षको अषाढ मसान्त भित्र केन्द्रिय महासंघको कार्य समितिले तोकको वार्षिक शुल्क बुझाउनु पर्नेछ । वार्षिक शुल्क नबुझाउने इकाइले केन्द्रिय साधारण सभा, महाधिवेशन र निर्वाचनमा प्रतिनिधित्व भई भाग लिन पाउने छैनन् ।

६. कुनै आवेदकलाई सदस्य नदिने निर्णय गरेमा सोको कारण सहितको जानकारी आवेदकलाई दिईने छ ।

७. सबै सदस्यहरुले यस विधान र बिधान अर्न्तगत बनेको नियम र विनियम बमोजिम भएको व्यावस्थाको पालना गर्नु पर्नेछ ।

८. महासंघले प्रदान गरेको उपदफा १,२, ३ र ४ अनुसारको सदस्यहरुको तोकीएको ढाचामा छुट्टै अभिलेख पुस्तीका रहनेछ ।

## परिच्छेद ४
## साधारण सभा महाधिवेशन कार्य समिति

**११. केन्द्रिय साधारण सभाको गठन**

१. यस महासंघको विधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरु बाहेक अन्य सदस्यहरु भएको एक साधारण सभा गठन हुनेछ । जसमा मानार्थ सदस्यहरु आमन्त्रीत हुनेछन् । साधारण सभा संस्थाको सर्बोच्च अंग हुनेछ ।

१ (क) साधारण सभामा प्रतिनिधित्व

(१) कार्य समितिले तोके वमोजिमको संख्यामा सम्वन्धीत गाउँ, नगर, जिल्ला र प्रदेशवाट प्रतिनिधित्व गर्ने प्रतिनिधी ।

(२) यस महासंघ गठन हुँदाका वखत तदर्थ समितिका रुपमा कार्य गरेका सस्थापक पदाधिकारी एवं सदस्य तथा अन्य आमान्त्रित माहानुभावहरु

२. यस महासंघको साधारण सभा, देहाय बमोजिम हुनेछ ।

क) यस महासंघको साधारण सभा देहाय बमोजिम हुनेछ ।
**बार्षिक साधारण सभा** : बर्षको एक पटक बार्षीक साधारण सभा सभा बस्नेछ ।

ख) **विशेष साधारण सभा** : परिषदको कुल सदस्य संङ्ख्याको १/४ (एक चौथाई) सदस्यहरुको कारण जनाई विशेष साधारण सभा माग गरेमा बिशेष साधारण सभा कार्यसमितिले कस्तीमा ७ (सात) दिनभित्र अनिवार्य रुपमा वोलाउनु पर्नेछ । तर साधारण सभा वा बिशेष सभा बसेको छ महीना भित्र पुनः विशेष साधारण सभा वा विशेष साधारण सभा बस्न पाउने छैन ।

३. यस महासंघको बार्षिक साधारण सभा संस्था स्थापना भएको आ.व. समाप्त भएको मितिले दुई महीना भित्रमा गरीनेछ र त्यस पछीका बार्षीक साधारण सभाहरु आार्थिक बर्ष समाप्त भएको मितिले २ महीना भित्र गरीनेछ ।

४.	यस महासंघको बार्षीक साधारण सभा गर्नको लागी कम्तीमा १५ दिन अगावै र विशेष साधारणसभा गर्नको लागी कम्तीमा ७ दिन अगावै सभा हुने स्थान मिति र समय र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यहरुलाई अनिवार्य रुपले सुचना दिईनेछ ।

५	उप दफा ४ वमोजिम वोलाईएको साधारण सभा वा विशेष साधारण सभामा विधानको दफा १८ बमोजिमको गणपुरक संङ्ख्या नपुगी सभाहुन नसकेमा कम्तीमा ७ दिनको म्याद दिन पुन : साधारण सभा बोलाईनेछ ।

६.	साधारण सभा र विशेष साधारण सभाको छुट्टाछुट्टै निर्णय पुस्तीका राखिने छ ।

**१२.	साधारण सभाको काम कर्तब्य र अधिकार :**

क.	साधारण सभाको गठन यस महासंघका सम्पुर्ण सदस्यहरु रहेको सामुहिक भेला साधारण सभा हुनेछ ।

ख)	साधारण सभाको अधिवेशनः साधारण सभाको अधिवेशन वर्षमा एक पटक हुनेछ । अधिवेशनको सूचना साधारण तया कम्तिमा १५ दिन पहिले महासचिवले सवै सदस्यहरु समक्ष पठाउनु पर्नेछ । तर विशेष साधारण सभा बोलाउनु परेमा ७ दिनको अग्रिमा सूचना दिई सभा बोलाउन सकिनेछ ।

अ)	महासंघको २५ प्रतिशत सदस्यले सही गरी आवश्यक देखेमा साधारण सभा वोलाउनको लागी अध्यक्ष समक्ष पत्र पठाएमा अध्यक्षले सचिवलाई साधारण सभा वोलाउन निर्देशन दिनेछन् । यसरी साधारण सभा वोलाउने सदस्यहरुले साधारण सभा बोलाउनुको काम तथा सभामा छलफलको लागी प्रस्तावित बिषयहरु पनि खोल्नु पर्नेछ ।

आ)	साधारण सभाको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितीमा वरिष्ठ उपाध्यक्षले  गर्नेछ । र अध्यक्ष र बरीष्ठ उपाध्यक्ष दुवैको अनुपस्थितीमा उपाध्यक्षहरु मध्येबाट जेष्ठ सदस्यले गर्नेछ ।

इ)	साधारण सभाको लागी न्युनतम ५१ प्रतिशत सदस्यहरुको उपस्थिती  अनिवार्य हुनेछ । तर कोरम नपुगी पुन : साधारण सभा बोलाउनु परेमा सदस्य हरुको  उपस्थितीलाई नै पयार्प्त  मानीनेछ ।

ई)	महासंघको कार्यक्रम सम्बन्धमा सदस्यहरुको बिचार विभाजन भएमा सम्पुर्ण उपस्थिती सदस्यको विच गोप्य मतदानद्धारा भएको निर्णय परिषदको लागी अन्तीम निर्णय हुनेछ । महासंघको कार्य संचालन विषय सम्बन्धी कुरामा मत दिने अधिकार सक्रिय सदस्यहरुको मात्र हुनेछ ।

**१३	कार्य समितिको गठनः**

१.	साधारण सभाका सदस्यहरुबाट निर्वाचित देहाय बमोजिमको पदाधिकारिहरु रहने ५१	(एकाउन्न) सदस्यीय एक कार्य समिति गठन गरिने छ । निर्वतमान कार्य समितिको अध्यक्ष मताधिकार सहित दोस्रो वरियतामा पदेन सदस्य रहने छ । निर्वाचित उपाध्यक्ष मध्येवाट कार्यसमितिको निर्णयले ७ जना उपाध्यक्ष प्रदेश इन्चार्जको रुपमा तोकिने छ ।

| | |
|---|---|
| **अध्यक्ष** | **१** |
| **वरिष्ठ उपाध्यक्ष** | **१** |
| **प्रथम उपाध्यक्ष** | **१** |
| **उपाध्यक्ष** | **१० जना मध्ये २ जना महिला अनिवार्य** |
| **महासचिव** | **१** |
| **कोषाध्यक्ष** | **१** |
| **उप-महासचिव** | **३** |
| **सचिव** | **७ जना मध्ये १ जना महिला अनिवार्य** |
| **सह- कोषाध्यक्ष** | **३** |
| **सदस्यनिवार्चित** | **२१** |

**मनोनित २ जना गरी जम्मा ५१ जना हुने छन् ।**

२.	कार्य समितिको कार्यकाल २ वर्षको हुने छ । साथै कार्य समितिको अध्यक्ष निरन्तर २ कार्यकाल भन्दा वढि उमेदवार हुन पाउने छैन ।

३.	बार्षीक साधारण सभा हुनुभन्दा अगावै कार्य समितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अबधीका लागी कार्यसमितीका सदस्यमा कार्य समिति द्धारा मनोनयन गर्न सकिनेछ । यसरी सो पदमा

निर्वाचन भएको सदस्यको कार्यकाल जुन सदस्यको पद रिक्त भएको हो सो सदस्य बाँकी कार्यकाल सम्मको लागी मात्र हुने गर्दछ । तर अन्य पदहरुको लागी भने विधान बमोजिम बाँकी आवधीक निमीत्त निर्वाचन प्रक्रियाद्धारा पद पुर्ति गरीनेछ ।

४. कार्यसमितिको बैठक आवश्यकता अनुसार अध्यक्षले बोलाउनेछ । तर कार्यसमितिको पदाधिकारीहरुको जम्मा संङ्ख्याको ५१ प्रतिशत बैठक बोलाउन माग गरेमा अध्यक्षले कार्यसमितिको बैठक तुरुन्त बोलाउनु पर्नेछ ।

५. कार्यसमितिका पदाधिकारीहरुको कुल संङ्ख्याको ५१ प्रतिशत पदासिधकारीहरु उपस्थित नभै कार्य समितिको बैठक बस्ने छैन ।

६. कार्य समितिको बैठकमा अध्यक्षले नै अध्यक्षता ग्रहण गर्नेछ , र निजको अनुपस्थितीमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थितीमा बैठकमा उपस्थित जेष्ठ सदस्यले मतदिने गर्दछ ।

७. कार्य समितिको बेठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिने गर्दछ ।

८. कार्य समितिको बैठकमा छलफल भएको विषयहरुको छुट्टै निर्णय किताबमा लेखी राखिनेछ । सो निर्णयमा असहमति जनाउनेहरुले कैफीयत खोली सही गर्नुपर्ने छ ।

९. महासंघले गर्ने भनेको सम्पुर्ण कार्य समितिको निर्णयबाट हुने गर्दछ ।

१०. माथिका दफाहरुमा जुनसुकै कुराहरु लेखीएको भएतापनि कार्य समितिले गर्न पाउने कुनै त्यस्तो सहमतीलाई निर्णय पुस्तीकामा संलग्न गरी त्यस्तो काम बैठक बिना गर्न सकिने छ । उपरोक्त बमोजिमको सहमतीलाई कार्य समितिको बैठकको निर्णय सरह मानिने छ ।

**१४ कार्य समितिको काम, कर्तब्य र अधिकार** : कार्य समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. महासंघको आगामी बर्षको बार्षीक कार्यक्रम तथा अनुमानीत बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने ।

२. विधान वमोजिमको व्यावस्था पालना गरी साधारण सभाको निर्णय कार्यान्वियन गर्ने गराउने ।

३. महासंघको हितमा हुने कार्यक्रमहरु संचालन गर्ने

४. साधारण सभा प्रति उत्तरदायी रहने ।

५. महासंघको उदेश्य प्राप्तीका लागी उपलब्ध साधन र श्रोतको अधिकतम उपभोग र प्रयोग गर्ने ।

६. महासंघको कार्यसम्पादन गर्न योजना बनाउने श्रोत जुटाउने कार्यान्वयन गर्ने, सुपरिवेक्षण र अनुगमन गर्ने ।

७. महासंघको कोष र सम्पत्ती सुरक्षित तरीकाले राख्न लगाउने र बैङ्क खाता खोली संचालन गर्ने ।

८. महासंघको कर्मचारीहरुको सेवा शर्त र सुविधा आदी सम्बन्धी कर्मचारी नियमावली वनाई साधारण सभाबाट स्वीकृत गराई लागु गर्ने गराउने ।

९. महासंघको उदेश्य परिपुर्तिको लागी आफ्नो कार्य अबधीमा उपयुक्त ब्यक्तीहरुको सल्लाहकार समितिका अन्य समिति उपसमिति गठन गर्ने र आबश्यकता अनुरुप कार्यको बाडफाँड गरी दिने ।

१०. महासंघको नेतृत्वदायी भुमिका निर्वाह गर्ने ।

**१५ पद त्याग गर्न सक्ने :अध्यक्षले वरिष्ठ उपाध्यक्ष मार्फत** कार्यसमिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजिनामा दिई पद त्याग गर्न सक्ने छन् ।

**१६. अन्य समितिहरु :**

१. यस विधानको परिधि भित्र रहेर महासंघको कार्य संचालनको लागी कार्य समितिले आबश्यकता अनुसार अन्य समिति तथा उप समिति बनाउन सक्नेछन् ।

२. उप समितिका कार्यहरु कार्य समितिले तोकी दिए बमोजिम हनेछ ।

**१७. पदाधिकारीहरुको काम,कर्तब्य र अधिकार**

**क) अध्यक्ष**

अ) अध्यक्ष यस संस्थाको प्रमुख ब्यक्ती हुनेछ । अध्यक्षको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

आ) बिभीन्न कार्यक्रममा समितिको तर्फबाट प्रतिनिधित्व गर्ने ।

इ) मातृराष्ट्र वा राष्ट्रिय तथा अन्तराष्ट्रिय सरकारी तथा गैह्रसरकारी संस्थाहरुसँग संयोजकको रपमा समन्वय गर्ने र आर्थिक सहयोग सम्बन्धी संभ्mौतामा हस्ताक्षर गर्ने ।

ई) समितिको निर्णयानुसार कर्मचारी नियुक्त गर्ने तथा अवकाश दिने ।

उ) संस्थाको आर्थिक अवस्था मजवुद पार्नको लागी आर्थिक सहयोग जुटाउने ।

ऊ) कार्यक्रम निर्देशनको जिम्मेवारी वहन गर्ने ।

ए) कार्यकारीणी समितिको बैठकमा मत बराबर भएमा निर्णायक मत दिने ।

ऐ) महासंघलाई नेतृत्व प्रदान गर्ने ।

**ख) उपाध्यक्ष**

अ) अध्यक्षको अनुपस्थितीमा अध्यक्षले गर्ने सम्पुर्ण कार्यहरु गर्ने ।

आ) अध्यक्षलाई आवश्यक सहयोग पुर्‍याउने ।

इ) कार्यालयको रेखदेख निरीक्षण र निर्देशन दिने ।

ई) कार्य समितिले जिम्मा दिए बमोजिम महासंघ भित्र रहेका बिभिन्न बिभाग र प्रदेश वा संघहरुको कार्य गर्ने गराउने ।

**ग) महासचिव**

अ) बिधान अनुसार कार्य समिति र सभाको बेठक बोलाउने ।

आ) सभा र बैठकको निर्णयहरु लेख्ने र सुरक्षित राख्ने ।

इ) प्रशाशनिक कार्यमा अध्यक्षलाई सहयोग पुर्‍याउने ।

ई) अध्यक्षको निर्देशन बमोजिम काम गर्ने गराउने ।

उ) कार्यक्रम सम्बन्धी प्रतिवेदन सम्बन्धीत निकायमा पठाउने ।

ऊ) कार्यालयको दैनिक कार्य संचालन गर्ने गराउने ।

**घ) उप महासचिव**

क) महासचिवको अनुपस्थितीमा महासचिवले गर्ने सम्पुर्ण कार्यहरु गर्ने र महासचिवलाई आवश्यक सहयोग गर्ने ।

**ङ) सचिव**

अ) महासचिवको अनुपस्थितीमा महासचिवले गर्ने सम्पुर्ण कार्यहरु गर्ने ।

आ) महासचिवलाई आवश्यक सहयोग पुर्‍याउने ।

इ) कार्यालयको रेखदेख निरीक्षण र निर्देशन दिने ।

**च) सह सचिव**

क) सचिवको अनुपस्थितीमा सचिवले गर्ने सम्पुर्ण कार्यहरु गर्ने ।

**छ) कोषाध्यक्ष**

अ) संस्थाको आर्थिक कारोबारको अभिलेख राख्न लगाउने ।

आ) आर्थिक कारोबारको जिम्मेवारी लिने र नियन्त्रण गर्ने ।

इ) नियम अनुसार बैंङ्क खाता संचालन गर्ने गराउने ।

**ज) सह कोषाध्यक्ष**

कोषाध्यक्षको अनुपस्थीतीमा कोषाध्यक्षले गर्ने सम्पुर्ण कार्य गर्ने लगायत कोषाध्यक्षलाई आवश्यक सहयोग गर्ने ।

**झ) सदस्य**

कार्यसमितिले निर्देशन गरेका आबश्यक कार्यहरु गर्ने ।

**१८ गणपुरक संङ्ख्या**

१. कुल सदस्य संङख्याको ६० प्रतिशत साधारण सदस्यको उपस्थिती नभै साधारण सभाको काम कारबाही हुने छैन ।

२.	तर बिधानको दफा ११ को ५ मा उल्लेख भए बमोजिम पुन : बोलाईएको साधारण सभामा कुल सदस्य संङ्ख्या ५१ प्रतिशत भएमा सभा गर्न बाधा पर्ने छैन ।

## परिच्छेद ६
## आर्थिक ब्यवस्था

**१९	महासंघको कोष**

१)	महासंघको आफ्नो एउटा छुट्टै  कोष हुनेछ । सो कोषमा देहाय बमोजिमका रकमहरु जम्मा हुनेछन् ।

क)	सदस्यता वापत प्राप्त प्रवेश शुल्क र सदस्यता शुल्कको रकम ।
ख)	कसैले स्वेच्छाले दिएको अनुदान सहायता प्राप्त रकम ।
ग)	संस्थाको चल अचल सम्पत्ती वा अन्य बस्तुको बिक्रीबाट प्राप्त रकम ।
घ)	विदेशी संस्था व्यक्ती वा अन्तराष्ट्रिय संघ संस्थाबाट सहयोग वापत रकम ।
ङ)	स्थानिय निकायबाट प्राप्त अनुदान वा सहयोग वापत प्राप्त रकम ।
च)	विदेशी संघ संस्था वा व्यक्तीबाट आर्थिक सहयोग तथा अनुदान  लिने भए संस्थाले नेपाल सरकार समाज कल्याण परिषदबाट स्वीकृती लिईने छ
छ)	महासंघमा प्राप्त रकम स्थानीय बैङ्कमा जम्मा गरी बैङ्क जम्मा गरी संचालन गरीने छ   ।

**२०	खाता संचालन**

संस्थाको बैंक खाता अध्यक्ष र कोषाध्यक्षको अनिवार्य संयुक्त दस्तखतबाट संचालन हुनेछ । प्रचलित नियम र कानुन अनुसार खर्च गर्ने तथा खर्चको श्रेष्ता राख्ने व्यवस्था गरीनेछ ।

**२१	कोषको रकम खर्च गर्ने तरीका**

महासंघको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहायबमोजिमको तरीका अपनाई खर्च गरीनेछ ।

क)	महासंघको बार्षीक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न पाईने छैन ।
ख)	साधारण सभाबाट पारीत बजेट र कार्यक्रमको अधिनमा रही कोषबाट रकम खर्च गर्न पाईनेछ ।
ग)	कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य पेश गर्नुपर्नेछ ।
घ)	कोषको रकम खर्च गर्दा तोकीए बमोजिम खर्च गरीनुपर्नेछ ।

**२२	महासंघको लेखा र लेखा परिक्षण :**

१.	महासंघको आय ब्ययको लेखा प्रचलित कानुन बमोजिम स्पष्ट तवरले राखिने छ ।
२.	महासंघको लेखा परीक्षण प्रचलित कानुन बमोजिम रजिष्टर्ड लेखा परिक्षकबाट हुनेछ ।
३.	नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जस्तोसुकै बखतमा पनि आफै वा मातहतका कर्मचारीहरु खटाई संस्थाको हिसाब किताब जाँच गर्न गराउन सक्नेछ ।
४.	लेखा परिक्षणको नियुक्ती साधारण सभाबाट हुनेछ । तर प्रथम बार्षिक साधारण सभा नभएसम्म लेखापरिक्षको नियूक्ती कार्य समितिबाट हुने गर्दछ ।
५.	महासंघको लेखा परिक्षण प्रतिवेदन र बार्षिक कार्य प्रगती विवरणको १/१ प्रति स्थानीय अधिकारी जिविस समाज कल्याण परिषद् र सम्बन्धित निकनयमा पेश गरीनेछ ।

## परिच्छेद ७
## निर्वाचन अविश्वासको प्रस्ताव बिधान संसोधन सम्बन्धी ब्याबस्था

**२३	निर्बाचन सम्बन्धी ब्यबस्था**

१.    कार्यसमिति निर्वाचन प्रयोजनको लागी बढीमा तीन जनाको एक निर्वाचन समिति कार्य समितिको सहमतिद्धारा गठन गरीनेछ ।
२.    निर्वाचन समितिले प्रचलित कानुनको परिधि भित्र रहेर निर्वाचन कार्यविधी आफै व्यवस्थित  गर्नेछ ।
३.    निर्वाचन सम्वन्धी विवाद उत्पन्न भएमा विवादको टुङ्गो निर्वाचन समितिले गरेको  निर्णय नै अन्तिम हुनेछ ।
४.    निर्वाचन सम्पन्न भएको भोलि पल्ट निर्वाचन समिति स्वतः बिघटन हुनेछ ।

२४.  **उम्मेदवार हुने योग्यता :** कार्य समितिको उम्मेदवार हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ ।

क)    साधारण सभाको सदस्य हुने योग्यता भएको साधारण सदस्य ।
ख)    नव विघटित कार्य समितिको पदाधिकारी ।
ग)    साधारण सभाले मनोनीत गरेको व्यक्ती ।
घ)    अध्यक्ष पदका लागि कार्यसमितिमा पदाधिकारीको कार्य गरेको हुनुपर्ने ।
ङ)    अध्यक्ष पद वाहेकको पदाधिकारी पदका लागि एक कार्यकाल कार्यकाल कार्यसमितिको सदस्यमा रही कार्य गरेको हुनुपर्नेछ ।

**२५    अविश्वासको प्रस्ताव :**

१.    अविश्वासको प्रस्ताव लिखित रुपमा कुनकुन पदाधिकारीको विरुद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिमको रीत पुर्‍याई संस्थामा दर्ता गर्नु पर्नेछ :-
क.    नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनु पर्छ ।
ख.    प्रस्तावको विषय स्पष्ट र व्यवहारीक हुनु पर्छ ।
ग.    साधारण सभा सदस्यहरु मध्येबाट कम्तीमा १/४ (एक चौथाई) सदस्यहरुको प्रष्ट नाम   थर ठेगाना सहित खुलाई सही भएको हुनु पर्छ ।
२.    उपदफा १ बमोजिम महासंघमा दर्ता  भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय  खुलाई साधारण सभा वा बिशेष साधारण सभा बस्ने स्थान मिति समय समेत तोकी संस्थाको साधारण सभाको सम्पुर्ण पदाधिकारी र सदस्यहरुलाई विधानको दफा ११ (४) बमोजिम साधारण वा विशेष साधारण सभा बस्ने सुचना दिईने छ ।
३.    अविश्वासको प्रस्तावमाथि छलफलको प्रक्रीया :
क)    साधारण सभामा अध्यक्षता गर्ने व्यक्तीले साधारण सभामा उपदफा १ बमोजिमको  प्रस्ताव पेश गर्न अनुमति दिनेछ  र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्नेछ ।
ख.    उप दफा ३ क बमोजिम अविश्वासको प्रस्ताव, पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा अन्य तीन जना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।
ग)    उप दफा १ बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु बिरुद्ध प्रस्तुत गरीएको हो , अध्यक्षता गर्ने ब्यक्तीले ती पदाधिकारीहरुलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागी आफ्नो भनाईहरु राख्ने अनुमति दिईने छ ।

४ अविश्वासको प्रश्वास माथि निर्णय

१.    अविश्वासको प्रश्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भएपछि अध्यक्षता गर्ने ब्यक्तीले सो अविश्वासको प्रश्तावको बहुमत पक्ष वा वा विपक्षमा छ भन्ने निर्णयको लागी देहाय बमोजिमको कुनै एक तरीका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्नेछ ।
क.    अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समुहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समुहमा छुट्याएर वा,
ख).   साधारण सभाका सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।
२.    साधारण सभाको कुल सदस्य संख्याको २३ तिहाई बहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ, त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित व्यक्तीहरु प्द मुक्त हुनेछन् ।

३. निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो व्यक्ती उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाईने छैन ।

**२६ विधान संसोधन**

कुल सदस्य संङ्याको २।३ (दुई तिहाई) साधारण सभा सदस्यहरुले अनुमोदन गरेपश्चात मात्र महासंघको विधानको कुनै दफा संसोधन तथा खारेजको लागी स्थानीय अधिकारी समक्ष सिफारीस गरी पठाउनु पर्नेछ । स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात मात्र महासंघको कुनै दफा संशोधन वा खारेज भएको मानीनेछ ।

**२७. नियम बनाउन सक्ने**

१. महासंघको आफ्नो कार्यसम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम बनाउन सक्नेछ । र सो नियमलाई साधारण सभाबाट पारीत गराई लागु हुनेछ । र स्थानीय अधिकारीलाई सो कुराको जानकारी दिनु पर्नेछ ।

२. यो विधान र विधान अर्न्तगत बनेको नियमको अधिनमा रही महासंघको कार्य संचालन र उदेश्य कार्यान्वयनका लागी कार्यसमितिले कर्मचारी व्यबस्था र आर्थिक प्रशाशन सम्बन्धी विनीयम बनाई लागु गर्न सक्नेछ । त्यस्तो विनीयमहरु साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

**२८. कर्मचारीको व्यबस्था**

क. महासंघको दैनिक कार्य सञ्चालन र योजना तथा कार्यक्रम सञ्चालनको लागी कर्मचारी दरबन्दी सिर्जना पारीश्रमिक भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा र शर्तहरु अपनाउनुपर्ने कार्यविधी तोकीए बमोजिम हुनेछ ।

ख. महासंघले विदेशी सहयोग प्राप्त गरी महासंघ संचालन गर्ने कार्यान्वयन गर्ने तथा विदेशी सल्लाहकार तथा स्वयमसेवक राख्ने अबस्था भएमा निजले काम गर्ने अवधी तथा पुर्याउने सेवा तथा कामको औचित्य सुविधा र तिनको योग्यता समेतको विवरण स्थानीय अधिकारी जिल्ला विकाश समिति र समाज कल्याण परिषदमा समेत जानकारी गराईनेछ ।

**२९. महासंघको खारेजी :**

१. साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारीत गरी महासंघको खारेजी गर्न सक्नेछ ।

२. उपदफा १ बमोजिम संस्थाको खारेजीको प्रस्ताव पारीत गर्दा साधारण सभाले खारेजीको कामको लागी एक वा एक भन्दा बढी लिक्वीडेटरहरु संस्थाको हिसाब किताब गर्नको लागी एकम वा एक भन्दा बढी लेखा परिक्षकहरु नियुक्त गर्न सक्नेछन् ।

३. उपदफा २ बमोजिम नियुक्त लिक्वीडेटर र लेखा परिक्षकहरुको पारीश्रमिक साधारण सभाले तोकीदिए बमोजिम हुनेछ ।

४. यसरी कारणबस संस्था बिघटन भई खारेज भएमा संस्थाको दायीत्वको फरफारक गरी बाँकी रहने सम्पुर्ण जाय जेथा नेपाल सरकारको हुनेछ ।

**३०. ब्याख्या**

यो विधान र विधान अर्न्तगत बनेको नियम विनीमयको बयाख्या गर्ने अधिकार कार्यसमितिलाई हुनेछ ।

**३१. योग्यता भगं गर्न नहुने :**

यस महासंघको कुनै पनि पदाधिकारी वा सदस्यले महासंघको अहित हुने कार्य गर्नु हुदैन । कार्य समितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरुले बैठक वा साधारण सभामा असभ्य र अश्लील शब्दको प्रयोग गर्न पाईने छैन ।

**३२. ऐन नियम हुने**

यस विधानमा उल्लेख नभएका कुराहरु कानुन बमोजिम हुनेछ र संस्था दर्ता ऐन नियम र प्रचलित कानुन सँग बाभ्कीन गएमा बाभ्कीएको हदसम्म स्वत्त निष्कृय हुन्छन् ।

**३३. निर्देशनको पालना**

नेपाल सरकार वा स्थानिय अधिकारीले समय, समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तब्य हुनेछ ।

**३४. तदर्थ समिति**

१.	यो महासंघको स्थापना गरी दर्ता गराउनुको लागी गठित तदर्थ समितिले ६ महिना भित्र साधारण सभा बोलाई विधान अनुसारको निर्वाचन समितिको गठन गरी नयाँ कार्य समितिको निर्वाचन गराउनेछ र सोको जानकारी स्थानीय अधिकारीलाई दिईने छ ।

२.	प्रथम पटक निर्वाचन सम्पन्न नभएसम्मको अबस्थामा कार्यसमितिले गरेका काम कारबाहीहरु यसै विधान सरह भएको मानिने छ ।

**३५. हामी तपसिलका निम्न संस्थापकहरु यस विधान बमोजिम कार्य गर्न मञ्जुर भई निम्न साक्षीको रोहवरमा विधानमा सहीछाप गर्दछौ ।**

१.नेपाल ब्यापार संघ
२ राष्ट्रिय ब्यापार संघ
३ नेपाल जुत्ताचप्पल उद्योग ब्याबसायी संघ
४ एकता ब्यापार संघ
५ चाहाना ब्यापार संघ
६ खिचापोखरी न्युरोड ब्यापारसंघ
७ नयाँ बानेश्वर ब्यापार ब्याबसायी संघ
८ फेन्सी ब्याबसायी संघ नेपाल
९ रञ्जना ब्यापार संघ
१० सिभील मल ब्यापार संघ
११ कोटेश्बर ब्याबसायी संघ
१२ नेपाल टेलीमार्केटिङ यसोसीयसन
१३ पिपुल्स प्लाजा ब्यापार संघ
१४ ललीतपुर तयारी पोषाक ब्यापार संघ
१५ भक्तपुर रेडीमेड ब्यापार संघ
१६ बौद्ध ब्यापार संघ
१७ बिशाल बजार ब्यापार संघ
१८ भोटेबहाल तयारी पोषाक उत्पादक तथा बिक्रेता संघ

## अनुसुची १
## संस्थाको छाप

गोलाकार वीचमा संस्थाको नाम अंग्रेजी रोमनमा The National Fgederation of Nepal रहनेछ ।

क.	यस महासंघको छापमा गोलाकार भित्र महिला र पुरुषद्धारा समातिएको नेपालको राष्ट्रिय झन्डा र त्यसको मुनि २०७४ रहनेछ ।

ख.	छापको वरीपरी महासंघको नाम र नामको बिचमा दुईवटा लालिगुराँस फुलको चिन्ह रहनेछ ।

## अनुसुची २
## संस्थाको प्रतीक चिन्ह -लोगो

अनुसुची १ मा उल्लेखित छाप अनुसारको चिन्ह नै प्रतीक चिन्ह हुनेछ ।